# बुटवल पावर कम्पनी लि.
# प्रेस विज्ञप्ती

यस बुटवल पावर कम्पनी लिमिटेडको २६औं वार्षिक साधारण सभा आज मिति २०७५ पौष २७ (तद्नुसार जनवरी ११, २०१९) का दिन कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको सभापतित्वमा सम्पन्न भयो । सो सभाले सञ्चालक समितिको प्रतिवेदन, आ.ब. २०७४।७५ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरू तथा आ.ब. २०७४।७५ को खुद तथा संचित मुनाफाबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको १८ प्रतिशत नगद लाभांश तथा १० प्रतिशत बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्तावहरू पारित भए । सो सभाले सर्वसाधारण शेयरधनीको तर्फवाट शेयरधनीहरू श्री सन्दिप शाह तथा श्री दिनेश हुमागाईलाई संचालकमा र श्री तिर्थमान शाक्यलाई स्वतन्त्र संचालकमा नियुक्त गरेको छ ।




कम्पनीको २६औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने शेयरधनीहरू प्रति धन्यवाद व्यक्त गर्दछौं । साथै, कम्पनीको प्रगतिका लागि प्रत्यक्ष वा परोक्षरूपले मार्ग दर्शन गर्ने तथा योगदान दिने नेपाल सरकार, नियमक निकायहरू, नेपाल विद्युत प्राधिकरण, ठेकेदारहरू, बैंकहरू, लेखापरीक्षकहरू, सेवाग्राही, संचारगृह तथा संचारकर्मीहरू, विभिन्न सम्बद्ध संस्थाहरू, शेयरधनीहरू तथा कम्पनीका कर्मचारीहरू सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछौ ।

धन्यवाद ।

मितिः २०७५ पौष २७ गते ।